# आ.व. २०७५/०७६ का लागि नीतिगत एवं प्रशासनिक निर्णयहरू

**निर्णय न. १**

विगत वर्षदेखि यस माडी नगरपालिकाले बहु प्राविधिक शिक्षालय सञ्चालन गर्नका लागि नेपाल सरकारसगँ अनुरोध गरिरहेको हुँदा माडी न.पा. अन्तर्गत बहुप्राविधिक शिक्षालय सञ्चालन हुने भएमा यस माडी नगरपालिका भित्र जग्गा आवश्यक परेमा सम्भावित हरिनगर आधारभुत विद्यालय वा कुनै पनि ठाँउको जग्गा बहुप्राविधिक शिक्षालयको लागि जग्गा नामसारी गर्नपरेमा सो को अधिकार यस माडी नगर कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।

**निर्णय न. २**

माडी नगरपालिकाको लागि आर्थिक वर्ष ०७४।०७५मा विभिन्न मितिमा नगरप्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृतको निर्णय र आदेशमा भए गरेका कार्यहरु स्वीकृत एवं अनुमोदन गरियो ।

**निर्णय न. ३**

नगरपालिका तथा वडा कार्यालयहरुमा सञ्चालन हुने वैठक समिति तथा उपसमिति पदाधिकारी तथा प्रतिनिधि र नगर कार्यालयका विभिन्न कार्यका लागि वन्ने समिति वा सदस्यहरुलाई आ.व. ०७५।०७६ मा पनि प्रति वैठक भत्ता रु १००० उपलब्ध गराउने निर्णय गरियो । त्यसै गरी वडा कार्यालय सञ्चालनलाई मासिक विविध खर्च रु १००००।- र कार्यक्रम भेला सञ्चालन बापत प्रति वडा बार्षिक एकमुष्ट वार्षिक रु ३००००।- उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

वडा कार्यालयहरु सरसफाई गरिरहनु पर्ने भएकाले प्रत्येक वडालाई सरसफाई गराए वापत ज्यालादिनको लागि प्रत्येक महिनाको रु १००००।- उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

आ.व. ०७४।०७५ को अन्तिम लेखापरिक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भएकोमा सो सम्वन्धमा छलफल गर्दै प्रतिवेदनमा औंल्याइएका विषयहरुलाई नियमित गर्न नगरपालिका कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिका अन्तर्गत सानातिना मर्मत सुधार योजना, चाडपर्व, संस्कृति, संरक्षण खेलकुद, नागरीक संरक्षण अन्तर्गत नगरपालिकामा माग भई आएमा वडाको सिफारिसमा नगर

प्रमुख/उपप्रमुख र कार्यकारीको निर्णयबाट भैपरी तथा सम्बन्धित शिर्षकबाट वढीमा रु.५०,०००।- सम्म सहयोग दिने निर्णय गरियो ।

### निर्णय नं. ७

प्रशासनिक खर्चको सिमामा रही तोकिए वमोजिमको स्रोतबाट दायित्व वेहोर्ने गरी नगरपालिका कार्यालयका लागी प्रस्तावित कर्मचारीहरुको पारीश्रमिक वितरण र सुविधा (वार्षिक तलवी प्रतिवेदन) स्वीकृती गरियो ।

### निर्णय नं. ८

कार्यालय समय वाहेक प्रतिदिन ६ घण्टा भन्दा वढी अतिरिक्त समय काम गरेमा कर्मचारीहरुलाई प्रतिदिन एक दिनको दरले हुने तलब बराबर अतिरिक्त भत्ता सुविधा दिने र यसलाई कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।

### निर्णय नं. ९

आ.व. ०७४/०७५ मा संचालित योजना कार्यक्रमहरुको निरीक्षण प्रतिवेदन तथा फरफारकलाई अनुमोदन गरियो ।

### निर्णय नं. १०

यस आ.व. २०७४/०७५ देखि नै यस नगरपालिका नगरकार्यपालिका कार्यालय र वडाहरुमा लेखा, जिन्सी, राजस्व, योजनालाई On Line System वनाई, नगरपालिकाले प्रदान गर्ने सेवालाई छिटोछरीतो सहज र प्रभावकारी वनाउने निर्णय गरीयो ।

### निर्णय नं. ११

यस नगरपालिकाको चालु आ.व.२०७५/०७६ मा सञ्चालन गर्ने गरी स्वीकृत भएका यो जना तथा कार्यक्रममा ०७४ चैत्र मसान्तभित्रमा योजना सम्झौता गर्न नआई बजेट खर्च हुन नसक्ने अवस्था भएमा वा राजस्व संकलन वृद्धि भई बाँकी रहने बजेट तथा कार्यक्रमबाट र केन्द्रिय स्तर वा अन्य निकायबाट रकम प्राप्त भएमा सो को बजेट कार्यक्रम नगरकार्यपालिकाबाट स्विकृत गरी योजना वनाउने र संशोधन गरी संचालन गर्ने गरी नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने एवं उपभोक्ता समितिहरुबाट स्विकृत योजना रुपान्तरण वा हेरफेर गर्न माग भै आएको खण्डमा सो योजना हेरफेर, संशोधन गरी संचालन गर्न सक्ने गरी नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

**निर्णय न. १२**

यस नगरपालिका क्षेत्र भित्र बनेका घरहरुको अभिलेखीकरण गर्ने म्याद २०७५/३/३१ सम्म थप गरिएकोमा सो अवधिसम्म अभिलेखीकरणका लागि कार्यालयमा दर्ता भएका घर नक्साहरु अभिलेखीकरण गरिदिने र आगामी दिनमा घरनक्सा पासलाई सेवा प्रवाहसँग आवद्ध गरी अनिवार्य नक्सा पास गराई घर बनाउन लगाउने । घरनक्सा बनाउने मापदण्ड गत विगतमा भएका निर्णयहरुलाई नै कार्यान्वयन ल्याउने र मापदण्ड परिवर्तन गर्नु परेमा नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो। साथै यस न.पा. नगरवासीलाई घरनक्सा बनाउन बाहिरी कन्सन्टेन्सीबाट दु.ख हुने भएकोले न.पा. बाटै घरनक्सा डिजाईन गरिदिने सेवा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १३**

यस माडी नगरपालिकामा करार/अस्थायी रुपमा काम शुरु गरि १ बर्ष अवधि भुक्तान गरेका कर्मचारीहरुलाई कर्मचारी कल्याण कोष खडा गर्न सम्बन्धित कर्मचारीको पारिश्रमिकबाट १०% र नगरपालिकाबाट १०% थप गरी कोष बनाइदिने निर्णय गरियो ।

**निर्णय नं १४**

यस नगरपालिकाको विभिन्न आयोजनाहरु संचालन गर्दा ३% कन्टिजेन्सी कटाउने र सो रकमको विनियोजन खर्च यस प्रकार निर्णय गरियो ।

१) प्राविधिक कर्मचारी फिल्ड - २५%
२) कर्मचारी कल्याण कोष - १५%
३) प्राविधिक सामान औजार - १५%
४) अन्य प्रशासनिक खर्च - २५%
५) शिक्षा कोषको लागी - २०%

**निर्णय नं १५**

यस माडी नगरपालिकाको आ.व. ०७५।०७६का लागी मेसिनरी उपकरण परिचालनको भाडा दर तपशिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | यान्त्रिक उपकरणको नाम | ईकाई | भाडादर | | |
|---|---|---|---|---|---|
| | | | नगरपालिका भित्र | नगरपालिका बाहिर | कैफियत |
| १ | एक्साभेटर | प्रति घण्टा | ४००० | ५००० | |
| २ | ग्रेडर | प्रति घण्टा | ५५०० | ६५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | रोलर | प्रति घण्टा | ३५०० | ४५०० | |
| ४ | रोलरब्याकहो लोडर | फुल डे | ३०००० | ४०००० | |
| | | हाफ डे | २०००० | २५००० | |
| ५ | ट्रीपर | प्रति ट्रीप | ९०० | ९०० | ०-२ कि.मी. |
| | | | १००० | १००० | २-५ कि.मी. |
| | | ५ कि.मी. भन्दा माथि प्रति कि.मि.रू.१०० दरले थप लाग्ने | | | |
| ६ | ट्राक्टर ४ घन मि. | प्रति ट्रीप | ६०० | ६०० | ०-२ कि.मी. |
| | | | १००० | १००० | २-५ कि.मी. |
| | | ५ कि.मी. भन्दा माथि प्रति कि.मि.रू.१०० दरले थप लाग्ने | | | |
| ७ | ट्राक्टर ३ घन मि. | | ४५० | ४५० | ०-२ कि.मी. |
| | | | ७०० | ७०० | २-५ कि.मी. |
| | | ५ कि.मी. भन्दा माथि प्रति कि.मि.रू.१०० दरले थप लाग्ने | | | |
| ८ | पानी ट्यांकी ७००० लि. | | २००० | २००० | |
| ९ | लोडिङ्ग जेसिवीद्वारा | प्रति घ.मि. | ७० | ७० | |
| मेसिनरी उपकरण परिचालन समितिको सिफारिसमा नगर कार्यपालिकाले दर रेटमा परिमार्जन गर्न सक्ने छ। | | | | | |